# संघीय संसद

# राष्ट्रिय सभा

# बाह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २३ असार २०७९

# बिहीवार

# बैठक सङ्ख्या- ३४

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १२:३५ बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको दोस्रो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेललाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेलः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले पेस गर्नुभएको प्रतिनिधिबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ ।

यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरू उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

माननीय खिमलाल देवकोटा । समय तीन मिनेट ।

**माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, मैले यही संसदमा अहिलोपटक योगमाया आयुर्वेद विश्वविद्यालयसम्बन्धी विधेयकमा पनि धारणा राखेको थिएँ । त्यो बेला मैले के भनेको थिएँ भने हामीकहाँ विश्वविद्यालयको सङ्ख्या धेरै भ'को छ अहिले पनि धेरै भ'को छ । एक दर्जन जति विश्वविद्यालय छ । विश्वविद्यालय धेरै भए अनि हाम्रो संविधानले प्रदेश विश्वविद्यालयसम्मको अधिकार प्रदेशलाई दिएको छ । त्यसकारण अब संघीय सरकारले धेरै विश्वविद्यालयहरू खोल्ने होइन भएका विश्वविद्यालयहरू अलि व्यवस्थित गर्ने हो त्योमध्ये पनि एकाध एक दुइओटा विश्वविद्यालय केन्द्रमा राखेर बाँकी प्रदेशलाई हस्तान्तरण गर्ने हो । अहिले त कस्तो पनि रोग देखियो भने प्रदेशले घमाघम विश्वविद्यालयहरू खोल्दै छन् । धेरै अब इन्स्टिच्युसनहरू पनि खोल्दै छन् भन्ने गुनासो पनि आ'को छ । त्यसकारण यो विश्वविद्यालयको सम्बन्धमा पनि मेरो त्यही धारणा हो अध्यक्ष महोदय विश्वविद्यालय हामी नखोलौं नखोलौं । कतिपय कुराहरू यो विषयमा मैले यो कुरा राखें ।

अब यो विश्वविद्यालयको अलिकति सैधान्तिक कुरा गर्दाखेरि मलाई चाहिँ यो विश्वविद्यालयको यो प्रस्तावित विश्वविद्यालयको प्रस्तावना हेरेँ । यो विश्वविद्यालयको प्रस्तावना र अहिले भएका जति एक दर्जन जति विश्वविद्यालय छन् । लगभग प्रस्तावनामा सबै विश्वविद्यालयको एउटै कुरा छ । अब यो यति मात्रै होइन कि उद्देश्यहरूमा पनि सबैको एउटै देखिन्छ । सबैको more or less दक्ष जनशक्ति उत्पादन गर्ने भनेको छ । अब

हामीले यसमा बहस जरुरी छ । हामीले दक्ष जनशक्ति उत्पादन गरेका छम् कि वेरोजगारहरूको एकदमै धेरै सङ्ख्यामा वृद्धि गरेका छौं । यसमा पनि बहस गर्न जरुरी छ । त्यसकारण यसमा हामी गम्भीर हुन जरुरी छ । अब वर्षेनी अब हजारौं विद्यार्थीहरू विदेशिएका छन् । र हाम्रो अरबौं रकम पनि विदेशिएको छ । हामीले खै त हाम्ले विद्यार्थीलाई न रोक्न सकेका छौं । न हामीले यहाँ भएका विश्वविद्यालय अलिक व्यवस्थित गर्न सकेछौं । त्यसकारण यो विषयमा पनि यो विश्वविद्यालयको सन्दर्भमा मलाई चाहिँ के लाग्छ भने अब यो हाम्रो विधेयक चाहिँ अल्मोस्ट तयार छ । बरु प्रदेश सरकार यो विश्वविद्यालयको केन्द्र कार्यालय चाहिँ मैले मकवानपुरमा भएको मैले देखें । त्यसकारण यो विश्वविद्यालय बरु यो बागमती प्रदेशलाई विशेष गरी विधेयकसहितको हामीले बागमती प्रदेश सरकारलाई हस्तान्तरण गरौं । प्रदेश सभालाई दिऊँ त्यसकारण यो प्रदेश सरकारले पनि ओनर्सिप लेओस् त्यसकारण विश्वविद्यालय खोल्ने काम चाहिँ नगरौं जस्तो लाग्छ ।

अलिकति मैले डेटाका कुराहरू जान्छु अहिले हामीकाहाँ जति विश्वविद्यालय छन् नि एघारओटा विश्वविद्यालयमा अलिकति विद्यार्थीको सङ्ख्या हेरौं कुल ५ लाख ५६ हजार विद्यार्थीहरू छन् । त्यसमा ४ लाख २२ हजार करिब करिब ८० प्रतिशत त त्रिभूवन विश्वविद्यालयमा मात्रै छन् विद्यार्थीको सङ्ख्या । अब यो विश्वविद्यालय भ'का अरू विश्वविद्यालयहरूमा कतिमा त पाँचसय विद्यार्थी पनि रहेनछ । मैले यसो डेटा हेर्दाखेरि पाँच सय विद्यार्थी पनि छैनन् । त्यसकारण यो विश्वविद्यालय खोल्ने अनि यसको आर्थिक दायित्व के हुने यीलगायतका कुराहरू छन् । त्यसकारण मैले अन्त्यमा यही कुरा गरें । यो विश्वविद्यालय खोल्ने कुरा नगरौं । मेरो चाहिँ व्यक्तिगत रूपमा यो विश्वविद्यालय मात्रै होइन कि नेताको नाम विश्वविद्यालय खोल्ने अहिले त मन्त्रालय केही केही साता एउटा पत्रिकाले लेखेको थियो हरेक मन्त्रालय पिच्छे विश्वविद्यालय रे अब नेताको नाममा पनि विश्वविद्यालय हरेक मन्त्रालय मन्त्रालय..... विश्वविद्यालय कति विश्वविद्यालय खोल्न खोजेको ? सम्माननीय अध्यक्ष महोदय, त्यसकारण यो काम चाहिँ बन्द गरौं भन्ने लाग्छ । हस् त । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय प्रकाश पन्थ । समय तीन मिनेट ।

**<u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो प्रतिनिधि सभाबाट छलफल भएर प्रतिवेदनसहित आएको मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको सम्बन्धमा हामीले यहाँ छलफलमा उपस्थित भइरहेका छौं । अब यो विश्वविद्यालयहरू एक ठाउँमा नेपालमा यसो हेर्यो भने सबै अस्तव्यस्तै छन् भद्रगोल पनि छन् । अब तिनीहरूले हामीले सोचे जस्तो गरी उच्च शिक्षा त दे'को छ । खालि त्यो साक्षरता र बढेको छ तर त्यसले खालि कामकाजी र व्यवहारिक रूपमा चाहिँ त्यसले हाम्रो अर्थतन्त्रलाई मिलाउने भोलि प्रविधि विज्ञानलाई पनि सम्बोधन गर्ने गरी त्यस्तो खालको चाहिँ आ'को छैन । यो पनि खालि परम्परागत रूपमै खालि अब भन्दाखेरि चाहिँ यो क्यारे यो विज्ञान र प्रविधि भन्याछ तर पढाइ चाहिँ फेरि मानविकी, समाजशास्त्र, व्यवथापन, कानुन न्यायलगायतका विषयहरूमा भनेर फेरि उही तरिकाले परम्परागत ढङ्गले नै आइरहेको छ । यो सबै विषयहरू अरू थुप्रै विश्वविद्यालयहरूमा पढाइ भइरहेकै पनि छन् ।

त्रिभूवन विश्वविद्यालयलगायत अरू थेप्रै विश्वविद्यालयमा त्यही कुराहरू कपी गरेर आ'का स्थिति चाहिँ हामी सरसर्ती हेर्दाखेरि देख्छौं त्यही भएर यो विश्वविद्यालयहरूको बाढीमा फेरि अर्को एउटा विश्वविद्यालय थपिएर त्यो अस्थव्यस्थता बढाउनुभन्दा यो विज्ञान प्रविधिहरू जाहाँ जाहाँ पढाइ भइर' छ । तिनीहरूलाई बरु फोकस् गरेर त्यसलाई नै बढी जोड बल गर्न सके राम्रो हुन्छ । यसको प्रस्तावनाले पनि त्यो खालको खासै यसले चाहिँ अब थप युग सुहाउँदो शिक्षा प्रविधिलाई चाहिँ सम्बोधन गर्ने खालको यसले स्प्रिड क्याच गरेको पनि छैन । खालि यसमा अलिकति फरक के छ भन्दाखेरि अरू विश्वविद्यालयहरूमा भीसीदेखि लिएर कुलपतिहरू प्रधानमन्त्री, शिक्षामन्त्री हुने कुराहरूलाई चाहिँ अलिकति छोढेर संरक्षक समितिहरू हुने प्राजिक परिषद् हुने कार्यकारी परिषद् हुने भनेर अलगै तरिकाले चाहिँ आउने कोसिस् कलिकति त्यो खालको फरक चाहिँ हामीले देख्न खोज्छौं नत्र भने समग्रमा अरू विश्वविद्यालयहरू जस्तै तरिकाले यो आइरहेको छ ।

र यसमा अर्को एउटा कुरा के छ भन्दाखेरि यो हामीले अघिल्ला केही वर्ष अगाडि केही ८-१० वर्ष अगाडि माननीय संसदहरूलाई पनि थुप्रै विश्वविद्यालयहरूको चाहिँ सिनेट्मा सदस्य बनाउने खालको प्रावधान थियो । फेरि बिचमा हामीले त्यसलाई किन हटायौं र फेरि अहिले यसमा चाहिँ किन थपेर ल्यायौं । प्रतिनिधि सभाले चाहिँ आफ्नो प्रतिवेदनमा त्यो कुरा थप्या छ । माननीय संसदहरू आफैमा पनि लाभको पद धारणा गर्ने भ'को हुनाले त्यहाँ बस्ने

मिल्ने नमिल्ने कुरा अरू थुप्रै कारणले पहिला हटाइएको थियो । तर फेरि अहिले फेरि फेरि किन राखियो ? भन्ने कुरा एउटा प्रश्न चाहिँ छ । र हामीले केही महिना अगाडि अगिल्लो संसद अगिलो वर्ष नै हामीले चाहिँ एघारओटा विश्वविद्यालयका ऐनहरूलाई नेपाल ऐन संशोधन भनेर चाहिँ एउटा एकमुस्ट रूपमा एघारओटै विश्वविद्यालय चाहिँ संविधान अनूकुल बनाउने भनेर त्यहाँ चाहिँ त्यो दलितदेखि लिएर अतिविपन्न अनि अपाङ्ग भएका व्यक्तहरूलाई सहुलियत हुने निशुल्क हुने छात्रवृत्ति हुने कुराहरू उल्लेख भएर आ'को थियो तर त्यो चाहिँ फेरि यसमा छुटेर आ'को छ । त्यो कुरालाई पनि थप्न आवश्यक छ जस्तो लाग्छ त्यो कुराहरू थपेर जाऊँ । समग्रमा पुरानै ढर्राबाट आ'को छ यसलाई उत्कृष्ट बनाउने कुरामा केही कोसिस गर्न सकिन्छ भने गरौं छैन भने खालि एउटा नयाँ थपियो भन्ने मात्रै हुन सक्छ । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय खिम लाल भट्टराई । समय तीन मिनेट ।

**माननीय श्री खिम लाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- अध्यक्ष महोदय, यो अहिले चाहिँ नेपाल सरकारले शिक्षा मन्त्रालयबाट जुन चाहिँ यो विधेयक आ'को छ । यो चाहिँ असाद्धै सकारात्मक रूपमा आ'को छ भन्ने मलाई लाग्छ । र यसको दफा दफामा हामी छलफल गरौंला । तर पनि यसको मूल स्पिरिट आज शिक्षामा साधारण शिक्षाको बाहुल्यता भयो यसले चाहिँ नेपालको राष्ट्रिय आवश्यकतालाई पूरा गर्न सक्दैन । आजको आवश्यकता भनेको प्रविधिक र व्यवसायिक शिक्षा हो नेपालको लागि । हामीले हरेक हाम्रो चाहिँ विकासका स्रोतहरू त्यससँग जोडेर चाहिँ शिक्षालाई अगाडि बढाउनुपर्ने हुन्छ र त्यसका लागि चाहिँ उच्चस्तरीय एउटा विशेषज्ञ जनशक्ति उत्पादन गर्नुपर्ने हुन्छ मूल रूपमा प्रविधिक र व्यवसायिक यो राष्ट्रिय आवश्यकतालाई परिपूर्ति गर्ने उद्देश्यको साथमा यसको मूल स्पिरिट प्रविधिक र व्यवसायिक छ । यस अर्थमा यो राष्ट्रिय आवश्यकतालाई पूरा गर्न उद्देश्यको साथमा आएको छ भन्ने मलाई लाग्छ ।

र ढिलो भए पनि मन्त्रालयले अहिले यो अगाडि ल्याएको छ । मैले यसलाई सकारात्मक रूपमा लिन्छु र धन्यवाद दिन्छु र हामी चाहिँ अब लाग्ने भनेको प्रविधिक शिक्षातर्फ नै हो, व्यवसायिक शिक्षातर्फ नै हो । र यो एउटा विशेष विश्वविद्यालयको रूपमा

आएको छ भन्ने म बुझ्छु र हामी हिजो जति बेला यो आउँदै गर्दाखेरि यसको प्रारम्भिक दिनहरूमा हामी छलफलमा थियौं । त्यति बेला चाहिँ यही राष्ट्रिय आवश्यकतालाई मुख्य रूपमा चाहिँ अब शिक्षाको हाम्रो अहिलेको अवस्थामा परिवर्तन ल्याउनुपर्छ यसमा एउटा क्रन्ति नै ल्याउनुपर्ने आवश्यकता छ । 70 percent साधारण शिक्षामा हाम्रो शैक्षिक जनशक्ति छ । प्रविधिक शिक्षा पढ्नको लागि पनि धेरै मानिसहरू बाहिर जाने स्थिति छ हाम्रो पैसा चाहिँ धेरै बाहिर गइरहेको छ । यसलाई रोक्नको लागि पनि हामीले यो शिक्षाको अवस्थालाई परिवर्तन गर्नुपर्छ । त्यस अर्थमा चाहिने ७० प्रतिशत हामीले प्रविधिक व्यवसायिकतर्फ लैजाऊँ शिक्षालाई अनि ३० प्रतिशत मात्र साधारण शिक्षामा राखौं यसले चाहिँ हाम्रो राष्ट्रिय आवश्यकतालाई परिपूर्ति गर्न सक्दछ भन्ने चाहिँ यसको स्पिरिट हो र त्यो स्पिरिटबमोजिम चाहिँ यो विश्वविद्यालय ऐन यो विधेयक आएको हुनाले म यसलाई सकारात्मक रूपमा लिँदै यसलाई अगाडि बढाऊँ भन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय देवेन्द्र दाहाल । समय तीन मिनेट ।

**माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)ः**- सम्माननीय अध्यक्ष महोदय, यो विधेयक यो मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक यहाँ प्रतिनिधि सभाबाट यो सदनमा आएको छ र यो धेरै लामो धेरै वर्ष भइसक्यो यो यसबारेमा अभ्यास भ'को यसमा हामी पटक पटक पनि छलफलमा जुटेका छौं र पूर्वमाननीयज्यूहरूले पनि धेरै कुराहरू भनिसक्नुभ'को छ कतिपय विश्वमा विश्वका धेरै देशहरूमा त अहिले नै त्यो ७० प्रतिशत प्राविधिक र व्यवसायिक हिसाबले विश्वविद्यालयहरू सञ्चालन भइसके र सामान्य अथवा साधारण विश्वविद्यालय साधारण पढाइ हुने विश्वविद्यालय भनेको ३० प्रतिशत मात्रै भइसके र हामी त्यसमा धेरै पछाडि थियौं र त्यो आवश्यकतालाई पनि पूरा गर्ने गरी यो विधेयक आ'को छ । र विज्ञान र प्रविधिको विकासले जुन फड्को मारेको छ । त्यसैअनुसारको शिक्षा हुनुपर्छ भन्ने कुरा जनताले माग गर्या छन् र त्यसैअनुसार आएको छ र यसले रोजगार सृजना गर्नेमा ठुलो मदत गर्छ भन्ने लागेको छ र अहिले जुन शिक्षा छ हाम्रो त्यो शिक्षाले चाहिँ आजको मागलाई पूरा गर्न सक्दैन । त्यसकारणले गर्दा यो आजको मागलाई पूरा गर्नका लागि पनि यो विश्वविद्यालय आवश्यक रहेको छ हुनत अब त्रिभूवन

विश्वविद्यालयलगायतका विश्वविद्यालयहरू पनि छन् र त्यसले परम्परागत ढङ्गले धेरै कुराहरूलाई अङ्गालेको छ र नयाँ युगको परिवर्तनको लागि त्यसले आत्मसात गर्न नसकेको कुरा महशुस पनि भइरहेको अवस्था छ । त्यसले गर्दाखेरि यो विश्वविद्यालय यसले छुट्टै महत्त्व राख्छ भन्ने लाग्छ । र माननीयज्यूहरूले पनि सब भनिसक्नुभएको छ । संरचनाको हिसाबले पनि यो अलिकति नयाँ ढङ्गले आएको छ । त्यसलाई पनि हामीले आत्मसात गर्नुपर्छ । किनभने त्यसलाई बिस्तारै बिस्तारै विश्वविद्यालयहरूलाई चाहिँ यो पुरानो संरचना प्रधानमन्त्री नै त्यसको चाहिँ मुख्य व्यक्ति हुने कुरा जुन छ । पुराना विश्वविद्यालयहरू सबै विश्वविद्यालयको चाहिँ कुलपति चाहिँ प्रधानमन्त्री नै हुने जुन कुरा छ । त्यसलाई यसले चाहिँ त्यस कुरालाई छोडेको छ र नयाँ ढङ्गले सञ्चालन हुने गरी अगाडि बढेको छ । त्यसकारण यो आवश्यक छ र यो विधेयक आवश्यकताको आधारमा आएको भन्ने लाग्छ । त्यसले गर्दा अगाडि बढाउनुका लागि हामी सबै लाग्नु आवश्यक छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू प्रतिनिधि सभा सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेललाई छलफलमा उठेका प्रश्नको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेल**ः- सम्माननीय अध्यक्षज्यू, माननीयज्यूहरूले धेरै विषय त उठाउनुभएको छैन । तर पनि केही विषयहरू यहाँ राखुभएको छ । र उच्च शिक्षासित सम्बन्धित सुधारको निम्ति माननीयज्यूहरूले राखेका यस प्रकारका भनाइहरूप्रति म हार्दिक सम्मान प्रकट गर्न चाहन्छु यहाँहरूले भन्नुभए जस्तै माननीयज्यूहरूले उठाउनुभए जस्तै । अब यो भइरहेका एघारओटा विश्वविद्यालयमध्ये चालु अहिले एघारओटा छन् । माग गरिएका थुप्रै छन् । प्रक्रियामा गएका दुइटा छन् । एउटा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय प्रक्रियामा आज हामी छलफल चलाएका छौं । अर्को प्रतिनिधि सभामा र राष्ट्रिय सभामा आउने क्रममा रहेको योगमाया आयुर्वेदिक विश्वविद्यालय पनि छ । छिटै यसलाई अगाडि बढाउँदै छौं ।

र अरू माग भएका कतिपय विश्वविद्यालयहरू मन्त्रालयमा मागको रूपमा छन् र कतिपय योभन्दा पहिलाको सदनमा पनि छलफलको निम्ति भनेर प्रस्तुत गरेका पनि मन्त्रालयमा छन् । हामी ती पनि रहेका छौं । मैले यो सङ्क्षिप्त माननीयज्यूहरूलाई यो सम्मानित सदनमा किन जानकारी गराउन खोजेको भने विश्वविद्यालयहरू थपिरहने प्लस गरिरहने सन्दर्भमा हामी यो गर्न खोजिरहेका छैनौं । र अहिले पनि हामीले यो शिक्षासित कानुनी सुधारका विषयहरूमा यद्यपि प्रक्रियाको हिसाबले ढिलो भइराख्या छ । हामीले पाँचओटा ऐनहरू हामी असहमतिको निम्ति अरू मन्त्रालयमा पठाएका छौं । कानुनमन्त्री यहाँ आज हुनुहुन्छ । मैले वाहाँलाई धेरैपटक पनि कुरा गरेको छु । अर्थ र कानुनले सहमति नदिइकन क्याबिनेटमा गएर विधेयकको रूपमा प्रक्रियामा अगाडि नबढ्ने हाम्रो मान्यता भ'को हुँदाखेरि कतिपय कुराहरू कसरी हामी नियमन गर्न खोज्या छौं भन्ने कुरा तपाईंहरूकोमा खास गरी माननीयज्यूहरूकोमा आउन बाँकी छ । र हामी सबै खालका शिक्षाहरूलाई पुनर्संचरना गर्ने लक्ष्यअनुरूप हामी वृहत विज्ञहरूको छलफल विगतमा समितिमा भएका छलफलहरू कतिपय अन्तर्राष्ट्रिय अनुभवहरू ती सबैलाई हामीले केन्द्रित गरेर हामी खास गरी ती पाँचओटा कानुनहरूमा हामीले उल्लेख गरेका छौं ।

उच्च शिक्षासित सम्बन्धित यहाँहरूले जुन कुरो उठाउनुभएको छ माननीयज्यूले यसैसित सम्बन्धित छ त्यहाँ प्रत्येक प्रदेशलाई संविधानले दिएको अधिकारअनुरूप विश्वविद्यालय खोल्ने अधिकार संविधानले दिएको छ । हामी सम्बन्धित प्रदेशका मुख्यमन्त्रीहरूसित पनि योबारेमा त्यहाँका सम्बन्धित शिक्षा हर्ने मन्त्रालयसँग पनि हामीले छलफल गरेका छौं छलफल चलिरख्या छ र हामी एउटा फ्रेम वर्कभित्रै विश्वविद्यालयहरू ल्याउनुपर्छ विश्वविद्यालय भन्दाबितिकै कुनै प्रदेशको वा जिल्लाको वा कुनै खास चाहिँ अरू प्रशासनिक संरचनाले सञ्चालन गर्ने कुरा हुँदैन ।

विश्वविद्यालय भनेको युनिभर्सिटी हो त्यो स्वतः युनिभर्सिटी भन्दाबितिकै अन्तर्राष्ट्रिय हुन्छ । खालि हामीले अलिकति नियमन गर्न खोजेको चाहिँ कस्तो छ भने विषयअनुसारको विश्वविद्यालयहरू बनाऔं हामीले त्यता लाने प्रयत्न गर्दै छौं भइरहेका विश्वविद्यालयहरूलाई पनि विषयअनुसार विशिष्टीकरण गर्ने र अब आवश्यक पर्ने विश्वविद्यालयहरूलाई पनि विषयअनुसार चाहिँ विशिष्टीकृत गर्दै लगियो भने यसलाई नियमन गर्न सकिन्छ । जस्तो उदाहरणको निम्ति पूर्वाञ्चल विश्वविद्यालय छ । डडेल्धुरामा गएर त्यहींकै सुदुरपश्चित

विश्वविद्यालयले दिइरहेको विषय चाहिँ affiliation दिएको छ अहिले पूर्वाञ्चाल विश्वविद्यालय छ । पोखरामा दुइटा विश्वविद्यालय छ । पोखरामा कास्कीमा फेरि पूर्वाञ्चाल विश्वविद्यालय मैले उदाहरणलाई मात्र भन्न खोजेको हो । विभिन्न कारणले त्यहाँ affiliation दिने प्रचलन छ हामीले यसलाई अलिकित कानुनी प्रणालीभित्र लिएर आएर हामी यसो नगरौं एउटा सिस्टममा ल्याऊँ भनेर हामीले चाहिँ होमवर्क गरेका छौं । छिटै हामी त्यसलाई प्रक्रियामा ल्याउने कुरा पनि म यहाँहरूलाई जानकारी गराउन चाहन्छु ।

अब यो मदन भण्डारी विश्वविद्यालय किन अगाडि बढाइयो भने अलिकति परम्परागतभन्दा फरक छ भन्ने केही माननीयहरू उठाउनुभयो त्यो साँचो हो र हामी थोरै परम्परालाई हामीले थोरै सिफ्ट गर्न खोजेका छौं । र विश्वविद्यालय सञ्चालन गर्नको निम्ति प्रशासनिक जुन कार्यकारी संचरना हुन्छ त्यो संरचनामा नभ्याउने व्यक्तिलाई राखुभन्दा सबै विश्वविद्यालयहरूलाई नियमन गर्ने central of Excellence को रूपमा एउटा संरचना बनाउने त्यसमा आवश्यक राज्यका महत्त्वपूर्ण जिम्मेवार व्यक्तिहरू त्यहाँ रहने र त्यसले नियमन गर्ने एउटा प्रणालीमा लगियो भनेदेखि हामी सिस्टममा जान सक्छौं भन्नेअन्तर्गत नै हामी यो खास गरी यो विश्वविद्यालयको प्रक्रियालाई हामी अगाडि बढाएका हौं । कुनै यसको सङ्गठनात्मक संरचना पनि भन्नुभो' संरक्षक समिति प्राज्ञिक परिषद् कार्यकारी परिषद् तोकिएबमोजिमको अन्य कतिपय निकायहरू परम्परागत छैनन् फरक खालको छ । यसको संरचना यसको तरिका यसको मोडल चाहिँ फरक खालको छ यद्यपि प्रस्तावना हेर्दाखेरि माननीयज्यूले उठाउनुभए जस्तै उही परम्परागत चलिरहेका विश्वविद्यालयजस्तै हो कि भन्ने कुराको अनुभूति हुन सक्छ तर त्यसको चाहिँ structure हर्नुभयो भने अलिकिता फरक प्रकृतिको भ'को हुँदाखेरि हामीले यसलाई प्रशासनिक संरचना र प्रणालीको हिसाबले पनि अलिकति फरक गर्न खोजेका छौं ।

अब विषयको हिसाबले पनि हामी अलिकिता फरक गर्न खोजेका छौं । खास गरी विज्ञान र प्रविधिमा केन्द्रित गर्ने अगि मैले भने जस्तै विश्वविद्यालयहरूलाई अलि विशिष्टीकृत गर्ने लक्ष्यअनुरूप विज्ञान र प्रविधिको क्षेत्र यद्यपि अहिले विभिन्न विश्वविद्यालयमा पढाइ हुन्छ । विज्ञानको क्षेत्रमा विभिन्न विश्वविद्यालयमा चलिराखेको पढाइले हाम्रा धेरै विद्यार्थीहरू अगि पनि यहाँ धेरै कुरा उठ्यो हामीले कतिपय रोक्न चाहँदा चाहँदै पनि संविधानले नै दिएको कानुनले दिएको अधिकार प्रयोग गरेर आवश्यकभन्दा बढी विद्यार्थीहरू बाहिर जाने गर्नुभएको

छ । अहिले आजको डेटा हर्नुभो' भने डर लाग्दो डेटा भनेको अस्ट्रेलिया जाने छ । यहाँ प्रसङ्ग उठाउनुभो' नदिऊँ मानव अधिकारको कुरा छ । कोही पनि विश्वविद्यालयमा पढ्न जान्छु भन्नेलाई अब जान पाउन्नौं भन्न हामी सकिँदैन र हामी कहीं न कहीं कुनै कानुनद्वारा वा अरू कुनै विधिले संसारभरिका नाम चलेका ठुलो विश्वविद्यालयमा पढ्नेको निम्ति जानेलाई हामी नरोक्ने तर पढ्ने उद्देश्यले ठुलो चाहिँ जनशक्ति चाहिँ यहाँबाट बाहिर जाने जुन क्रम देखा परेको छ । त्यसलाई कहीँ न कहीँ हामीले नियमन गर्नुपर्ने छ र सबभन्दा बढी आजको डेटामा अस्ट्रेलिया जानेको छ । त्यसकारणले यो चुनौतीको रूपमा रहेकोलाई विषयलाई नियमन गर्नुको निम्ति जुन जुन विषयमा विद्यार्थीहरू पढ्ने चाहना राख्नुभएको छ ।

खास गरी आईटी को क्षेत्रमा, त्यसको साथसाथै यो इन्जिनियरिङको क्षेत्रमा, मेडिकल साइन्सको क्षेत्रमा त्यस्ता कतिपय विषयहरूमा म्यानेजमेन्टको क्षेत्रमा विद्यार्थीको रुची चाहिँ बढी छ र त्यस प्रकारका रुची राख्ने विद्यार्थीहरूलाई नेपालमा नै पढाइन्छ भन्नुको निम्ति हामीले यो विज्ञान र प्रविधिको क्षेत्रको सन्दर्भमा यो मदन भण्डारी विश्वविद्यालयलाई हामी त्यो रूपमा अगि बढाउन खोजेका छौं । त्यसकारणले यो परम्पराभन्दा अलिकति सिफ्ट गरेर ल्याउन खोजिएको रूपमा हामी यो विश्वविद्यालयलाई बुझ्न आवश्यक छ र त्यसको क्षेत्र हामीले खास गरी कार्यालय भनेर चित्लाङमा तोकेका छौं । त्यहाँ पनि अहिले १७०६ रोपनी दुई आना यसको जमिन आफ्नो स्वमित्वमा करिब आएको छ । र काभ्रे पनि यसको अर्को लोकेसन छ । त्यहाँ पनि प्रक्रिया अगाडि बढेको छ केही भौतिक पूर्वाधार पनि बनिसकेको छ त्यसको साथसाथै फेरि कतिपय अहिले कै चाहिँ बजेटद्वारा पनि फेरि यसलाई पूर्वाधारहरू बढाउने गरी पनि प्रक्रिया अगाडि बढाइएको हुँदाखेरि एकातिर पूर्वाधार पनि बनिसकेको अलिकता परम्पराभन्दा फरक पनि भएको, अलिकता विज्ञान र प्रविधिको क्षेत्रमा विद्यार्थीहरूलाई आकर्षित बनाउनुको निम्ति त्यस प्रकारका विषयहरूको पठनपाठनको निम्ति पनि आवश्यक भएको हुँदाखेरि हामी यो विश्वविद्यालयलाई अगाडि बढाउन खोजेको कुरा माननीयज्यूलाई म जानकारी गराउन चाहन्छु र यसले खास गरी वातावरणीय प्रभावको पनि मूल्याङ्कन भइसकेको डीपीआर विस्कृत परियोजना पनि अगाडि बढिसकेको राष्ट्रिय प्राथमिकता प्राप्त भएको पनि भ'को हुँदाखेरि हामी यसलाई अगाडि बढाउन खोजेका हौं ।

अब विधेयकको रूपमा हाम्रो लोकतान्त्रिक आन्दोलनका व्यक्तित्व मदन भण्डारीसँग जोडिएर आएको हुँदाखेरि यहाँ माननीयज्यूले उठाउनुभो' यो विषय नराख्दा हुन्छ भन्ने

कुरालाई यहाँ उठाउनुभएको छ । यो मनोनयोग्य कुरा होला तर फेरि हामी अहिले त्रिभूवन विश्वविद्यालयको नाम पनि व्यक्तिकै नाममा रहेको राजर्षि जनक पछिल्लो विश्वविद्यालय पनि यो रूपमा रहेको हुँदाखेरि हाम्रा त्यस प्रकारका विभूतिहरू वा आन्दोलनमा चाहिँ व्यक्तित्व प्राप्त गरेका व्यक्त व्यक्तित्वहरूको नाममा अरू पनि चाहिँ विश्वविद्यालय प्रतिष्ठानहरू छन् । त्यसो भएको हुँदाखेरि व्यक्तिसँग जोडिएर किन आयो भन्ने कुरा अब तर्कको निम्ति त गर्न सकिन्छ । त्यसले चाहिँ नराम्रो म्यासेज दिन्छ जस्तो मलाई लाग्दैन । यसले गर्न खोजेको कुरा चाहिँ हामी खास गरी आदर्श दक्ष जनशक्ति उत्पादन गर्ने वैज्ञानिक विचारकहरू अहिले जो युवाहरू छन् । ती युवाहरूलाई भिन्न प्रकारले पठनपाठनको प्रक्रियामा अनुसन्धानसित जोडेर ती युवाहरूलाई त्यहाँ पठनपाठन गराउने र अलिकता चाहिने खोजमूलक खालि सर्टिफिकेटमात्रै लिने होइन कि अनुसन्धानको क्षेत्रमा अलि फरक प्रकारले यसलाई अगाडि बढाउने लक्ष्य लिएको छ । त्यसकारण यो विश्वविद्यालय अलिक फरक प्रकारले अगाडि बढाउन खोजेको हुँदाखेरि यो परम्पराभन्दा फरक शैलीको विश्वविद्यालयको रूपमा यहाँहरूलाई माननीयज्यूलाई म यो सम्मानित सदनमा जानकारी गराउन चाहन्छु ।

अब चलिरहेका विश्वविद्यालयहरू धेरै छन् किन चाहियो भन्ने प्रश्न पनि छलफलको निम्ति उठाउनुभएकोमा म आभार पनि प्रकट गर्न चाहन्छु र त्रिभूवन विश्वविद्यालय झन्डै ८० प्रतिशत सम्पत्तिको हिसाबले त्यसको चाहिँ क्षेत्राधिकार देशभरि भएको संरचनाको हिसाबले विद्यार्थीको व्यवहारको हिसाबले पनि सबैभन्दा ठुलो विश्वविद्यालय छ । र त्यसलाई हामीले त्यसको संरचनालाई पुरानो र पहिलो विश्वविद्यालय भएको हुँदाखेरि अहिलेकै चाहिँ बजेटमा अहिलेकै निति कार्यक्रममा Center of Excellence को रूपमा हामीले त्यसलाई क्रमशैः त्यसलाई त्यो रूपमा लैजाने र अरू विश्वविद्यालयलाई विशिष्टीकृत गर्ने लक्ष्यअनुरूप नै हामी अगाडि बढेका छौं । र यहाँले भने जस्तै कम सङ्ख्या भएका भनेको सबभन्दा कम सङ्ख्या भएको भनेको राजर्षि जनक विश्वविद्यालय हो पछि चाहिँ भएको निकै न्यून सङ्ख्या छ र त्यसलाई हामी पुनर्संरचना गरेर त्यसलाई पनि अलिकति विशिष्टीकृत गरेर लैजाने प्रक्रियामा हामी छौं । तर अरू कतिपय विश्वविद्यालयहरू जस्तो आफ्नो प्रक्रियामा फरक प्रकारले जस्तो काठमाडौं विश्वविद्यालय फरक प्रकारले त्यहाँ भएका कतिपय पठनपाठनका कुरा हामीले लियौं भने पनि इन्जिनियरिङको क्षेत्रमा, मेडिकलको क्षेत्रमा निकै राम्रो प्रतिस्पर्धा गर्न सक्ने प्रकृतिको पढाइ भएको छ ।

त्रिभूवन विश्वविद्यालयभित्रै पनि यहाँ माननीयज्यूले उठाउनुभए जस्तै पूरै वेथिति छ पूरै खतमै छ भने कुरा हामीले चित्रण गर्नुहुँदैन । जस्तो मेडिकल पढाइ महाराजगञ्जमा हुने मेडिकल पढाइ, यहाँ चाहिँ कीर्तिपुरमा हुने इन्जिनियरिङको पढाइ राम्रो छ भन्ने कुरा चाहिँ केले प्रमाणित गर्छ भनेदेखि मेडिकल काउन्सिलमा गएर इक्जाम दिनुहुन्छ । अरू देशका विश्वविद्यालयमा पढेकाहरूसँग हाम्रो ती चाहिँ ठाउँमा पढेका विद्यार्थीहरूले मेडिकल काउन्सिलको इक्जाम दिंदाखेरि प्रतिस्पर्धा गरेर बढी नाम निकालेको हामी पाउछौं । त्यसले पनि के प्रमाणित गर्छ भनेदेखि सबै चाहिँ हाम्रो एजुकेसन सबै खतमै छ भन्ने कुरा साँचो होइन । गुणस्तरीय बनाउनलाई हामीले अझ चाहिँ त्यसलाई चाहिँ राम्रो बनाउनुपर्छ शिक्षण सिकाइ प्रक्रिया खास गरी Pedagogy प्रणालीलाई वैज्ञानिक बनाउनुपर्छ भन्ने कुरा छ । तर फेरि पनि कतिपय राम्रो भ'को कुरा हामीले स्थापित गरेर आम रूपमा सुधार्ने कुरा यहाँले जो उठाउनुभएको त्यो चाहिँ राम्रो विषय हो ।

त्यसकारणले म यहाँ धेरै कुरा राख्नुभन्दा पनि सबैले मिलेर विश्वविद्यालय पठनपाठनको कुरा भनेको यो कुनै पक्ष प्रतिपक्षको कुरा होइन । सबै मिलेर सुधार्ने कुरा हो । साझा कुरा हो । सबैको दायित्वको कुरा हो । शिक्षा भनेको सबैको साझा, महत्त्वपूर्ण, अनिवार्य आवश्यक चाहिँ क्षेत्रभएको हुँदाखेरि यसमा हामी सबैले गम्भीर प्रकारले चिन्तन छलफल हामीले गरेर हाम्रो देशको शिक्षा प्रणाली सुधार्नको निम्ति सबैले चाहिँ पहल गरौं । माननीयज्यूले यो विश्वविद्यालयको प्रसङ्गमा राख्नुभएका कतिपय कुराहरूलाई मनन गरेर फेरि पनि हामी अगाडि बढ्ने छौं । र यो समितिमा पनि छलफल गरेर प्रतिवेदनसहित आएको कुरा म यहाँहरूलाई जानकारी गराउन चाहन्छु । संसदीय समितिमा समेत गम्भीर छलफल भएर गम्भीर सुझावसहित आएको हुँदाखेरि यो प्रक्रियालाई अगाडि बढाउनुको निम्ति सम्मानित सदनमा प्रस्ताव गर्दै उठेका विषयको जिज्ञासा म यहीं अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्षः**</u>- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

-"हुँदैन"   "हुँदैन"

माननीयज्यू मैले बोल्न पाउनुपर्यो नि पहिला किन हतारिएको त्यति छिटो । यहाँबाट म मौका दिन्छु यहाँलाई त्यसपछि बोल्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म माननीय गृहमन्त्री बालकृष्ण खाँणलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय गृहमन्त्री श्री बालकृष्ण खाँण**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, माननीय गृहमन्त्री बालकृष्ण खाँणले पेस गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यसका क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

माननीय जयन्ती देवी राई । समय तीन मिनेट ।

**माननीय श्री जयन्ती देवा राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- सम्माननीय अध्यक्ष महोदय, जुन यो अहिले तेजाबसम्बन्धी जुन विधेयकमा छलफल गर्दा यो जस्तै यसलाई चाहिँ हामीले त्यस्तै किसिमको घटनाहरू जुन तेजाबबाट चाहिँ अहिले विभिन्न किसिमका महिलाहरूलाई हिंसा गरिन्छ । तेजाब छर्केर अरूलाई पनि गरिन्छ तर यस्तै किसिमका घटनाहरू चाहिँ अहिलेसम्म दर्ता नभएको कारणले जस्तै मट्टितेलबाट हुने पेट्रोल छर्केर हुने ग्याँसबाट हुने यस्ता किसिमका तमाम घटनाहरू छ । तर यसलाई चाहिँ यो चाहिँ यो, यो कुरालाई चाहिँ अलिकति ओझेलमा परेको हुनाले यसलाई पनि ल्याउनुपर्छ भन्ने कुरा गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय अनिता देवकोटा । समय तीन मिनेट ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्षज्यू, तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक अत्यन्त आवश्यक विधेयक हो । यो अलिकति ढिलो आयो भन्ने लागेको छ । अध्यादेशलाई

प्रतिस्थापन गर्न आएको यो विधेयक अत्यन्त आवश्यक छ र यसलाई भण्डारण गर्नको लागि अत्यन्त संवेदनशील पनि भएको हुनाले भण्डारण गर्न र बिक्री वितरण गर्नको लागि पनि जुन नियमनका कुराहरू छन् । त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने आवश्कयता छ । उद्योग सञ्चालनको लागि अरू जुन प्रयोगशालाहरूको लागि दिइने कुराहरू अनुमति बिक्री वितरण गर्न दिइने कुराहरू छ । त्यसैले यसमा नियमन कुरा प्रभावकारी रूपमा होस् भनेरमा म आफ्नो विचार राख्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय तुलसा कुमारी दाहाल । समय तीन मिनेट ।

**<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- अध्यक्ष महोदय, अगिल्लो सरकारले अध्यादेशको रूपमा यो ल्याएको थियो । र अहिले यो तेजाब तथा अन्य घातक पदार्थ नियमन विधेयक जुन आएको छ र यो आउनुपर्ने थियो र आवश्यक थियो आएको छ र यसले चाहिँ एउटा घातक पदार्थहरू चाहिँ उत्पादन गर्नेलाई पनि नियमन गर्नुपर्छ र अर्को यो घटनाले महिला हिंसालाई पनि न्यूनीकरण गर्ने छ र अहिले कुरूप बनाउनेदेखि लिएर विभिन्न खालका रासायनिक पदार्थहरू प्रयोग गरेर चाहिँ जुन महिला हिंसाहरू चाहिँ बढाएको छ र कति घटनाहरू चाहिँ युवा महिलाहरूले बेहोरिरहेका छन् । यो घटनालाई नियन्त्रण गर्नको निम्ति यो विधेयक आएको छ यो स्वागतयोग्य छ र यसलाई अगाडि बढाइयोस् भन्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय दिल कुमारी रावल थापा (पार्वती) । समय तीन मिनेट ।

**<u>माननीय श्री दिल कुमारी रावल थापा (पार्वती) (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष, "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९" आएको म यसको स्वागत गर्न चाहन्छु । विशेषतः महिला त्यसमा पनि किशोरीहरूमाथि जुन तेजाबलगायत घातक पदार्थ प्रयोग भएर हत्या हुने कुरूप बनाउने जुन खालको घटनाहरू बढिरहेको थियो । त्यसबिचमा संसद भित्र र सडकमा पनि महिला हिंसा र यो तेजाबका

आक्रमणका घटनाको विरोधमा आजावहरू उठिरहँदा पूर्ववर्ती सरकारले अध्यादेशमार्फत जारी गरेको थियो र अहिले जुन विधेयकको रूपमा प्रतिनिधि सभामा छलफल भएर सुझावसहित आ'को छ म यसको स्वागत गर्न चाहन्छु । यसको बिक्री वितरणका कुरा छन् यसका पीडकलाई क्षतिपूर्ति र परिपूरणका अवस्था छन् । यी सबैमा हामी दफावार छलफलमा सहभागी हुने छौं र यसलाई समृद्ध बनाउने प्रतिबद्धतासहित यो विधेयकको म स्वागत गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय भैरव सुन्दर श्रेष्ठ । समय तीन मिनेट ।

**<u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, यो जुन विधेयक यो "तेजाब तथा अन्य घातक पदार्थ नियमन विधेयक, २०७९" जसरी आयो म यसको निम्ति वर्तमान सरकारलाई धन्यवाद दिन चाहन्छु । पूर्ववर्ती सरकारले यै अध्यादेशमार्फत चाहिँ लेर आएको चाहिँ थियो । विशेषतः यो रासायनिक पदार्थ तेजाब जस्तो घातक चाहिँ पदार्थ प्रयोग गरेर महिला हिंसा हुने चाहिँ गरेको त्यो हिंसालाई नियन्त्रण गर्नका निम्ति पूर्ववर्ती सरकारले अध्यादेश लिएर आएको चाहिँ थियो । यो विधेयक पहिला नै आउन चाहिँ पर्थ्यो र ढिलै आए पनि आ'को चाहिँ छ यसको निम्ति म यो वर्तमान सरकारलाई धन्यवाद दिन चाहन्छु । यसको चाहिँ उत्पादन गर्ने, बिक्री गर्ने र वितरण गर्नेसँगै यो घातक पदार्थ प्रयोग गरेर जो पीडकहरूले प्रयोग चाहिँ गर्छन् पीडित पक्षलाई चाहिने क्षतिपूर्तिलगायतका विषयहरू पनि उल्लेख चाहिँ हुनुपर्छ र हामी यसको दफावार छलफल समितिमा गइसकेपछि संशोधन हालेर त्यसमा हामी गर्ने छौं र समग्रमा यो विधेयक जसरी आ'को यसप्रति म स्वागत चाहिँ गर्दै आफ्नो कुराहरू समितिमा राख्ने कुरा पनि म विश्वस्त गर्दै आफ्नो भनाइ टुङ्ग्याउँछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय गृहमन्त्री बालकृष्ण खाँणलाई छलफलमा उठेका प्रश्नको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**<u>माननीय गृहमन्त्री श्री बालकृष्ण खाँण</u>**:- सम्माननीय अध्यक्षज्यू, "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९" माथि माननीय सदस्यहरूले आफ्ना महत्त्वपूर्ण विचार दिनुभएको छ र समर्थन पनि जनाउनुभएको छ । म सबै माननीयज्यूहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु र यस्ता रासायनिक पदार्थ या तेजाब र माननीयज्यूहरूले मट्टीतेल, पेट्रोल, ग्याँस या यस्तै अन्य पदार्थबाट एक जना व्यक्तिले अर्को व्यक्तिमाथि आक्रमण गर्ने र खास गरेर बालबालिका र महिला हिंसा बढ्दो अवस्थामा यसलाई कसरी नियमन गर्ने नियन्त्रण गर्ने भन्ने विचार राख्नुभएको छ । र यससम्बन्धी कारबाही र नियमनका लागि फौजदारी अपराध र कार्यविधिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक अगाडि आएको छ र यो विधेयकले यसलाई सम्बोधन गर्ने छ ।

र अहिले प्रस्तुत गरेको तेजाब तथा अन्य घातक रासायनिक पदार्थसम्बन्धीको विधेयकमा यस्ता पदार्थहरूको उत्पादन, निकासी पैठारी भण्डारण बिक्री वितरण ओसार पोसार प्रयोग र यसको विसर्जनलाई कसरी नियमन गर्ने कसरी व्यवस्थित गर्ने नै हो र यो तेजाबलगायत अन्य रासायनिक पदार्थ औद्योगिक प्रयोजन र अन्य प्रयोजनका लागि अति आवश्यक पनि छन् । र यसको दुरुपयोगले गर्दाखेरि धेरै ठुला घटना र दुर्घटना पनि हुन सक्छन् र नेपालमा पनि यो तेजाबको दुरुपयोगले युवतीहरू र महिला हिंसाको अत्यन्तै पीडादायिक र हृदयविदारक घटनाहरू पनि घटेका छन् । त्यसका लागि उत्पादन गर्दाखेरि नै व्यवस्थित रूपमा गर्नुपर्ने र आयात निर्यात गर्दा पनि यसको सुनिश्चितता हुनुपर्ने र सुरक्षित रूपमा यसको भण्डारण गरियोस् कति भण्डारण गर्ने ? र कसरी गर्ने ? र बिक्री वितवरणमा पनि अब आवश्यक, अनावश्यक व्यक्तिहरूले सबैले किन्न पाउने बेच्न पाउने त्यो खालको अवस्थाले यो दुरुपयोगको अवस्था सृजना भएको कारणले यसको खरिद बिक्रीमा पनि र उपयोगमा पनि नियमन गर्नका लागि नै यो विधेयक ल्याइएको हो र सरकारले यो विधेयक अगाडि बढाउने क्रममा यसको जरुरीलाई महशुस गरेर यो अध्यादेशकै रूपमा आएको थियो माननीयज्यूले भनिसक्नुभा' छ ।

यसकारणले यसलाई प्रतिनिधि सभाको सम्बन्धित समितिले केही परिमार्जन पनि गरेको छ र यसलाई हामीले राष्ट्रिय सभाबाट पनि यसलाई अगाडि बढाएर पास गर्न सक्यौं भने माननीयज्यूहरूले राख्नुभएको धारणालाई छिटो कार्यान्वयन गर्ने सकिने छ । यसकारणले माननीयज्यूहरूले उठाउनुभएको विचारको म हार्दिक स्वागत गर्दछु र यसलाई परिमार्जन र परिस्कृत गर्ने क्रममा पनि हामीहरू सकारात्मक रहेका छौं । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>ः- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिध सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९" माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट अर्थ मन्त्रालयको कार्यभार तोक्नुभएकोसम्बन्धी पत्र प्राप्त भएको छ । म सो पत्रको बेहोरा जानकारी गराउँछु ।

विषयः कार्यभार तोक्नुभएको सम्बन्धमा ।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले मौजुदा मन्त्रीपरिषद्का माननीय अर्थमन्त्री श्री जनार्दन शर्माले नेपालको संविधान धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम मन्त्रीबाट राजीनामा दिनुभएकोले सम्माननीय प्रधानमन्त्रीको सफारिसमा अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(डा. तोयनारायण ज्ञवाली)

सचिव

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल असार २८ गते मङ्गलवार बिहान ११ बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल असार २८ गते मङ्गलवार बिहान ११ बजे बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः- १३:१९ बजे**